# सामुदायिक रेडियो प्रसारक संघ

ACORAB

# निर्वाचन आचारसंहिता २०७९

## १. प्रस्तावना

सामुदायिक रेडियोहरुले लोकतन्त्र, मानवअधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सुशासन, बहुलवादी मूल्य मान्यता र निश्पक्षताको सिद्धान्तलाई आत्मसात् गर्दै तथा स्थानीय, प्रादेशिक र संघीय निर्वाचनका सन्दर्भमा पत्रकारिताका मूल्य, मान्यता र सिद्धान्तलाई अवलम्बन गरी सामुदायिक रेडियो, सञ्चालक र रेडियोकर्मीलाई मार्गदर्शन गरी स्वच्छ र समुदायप्रति उत्तरदायी सन्देश प्रवाह गर्न वाञ्छनीय भएकाले सामुदायिक रेडियो प्रसारक संघमा आवद्ध सदस्यहरुले अवलम्बन गर्न "निर्वाचन आचारसंहिता २०७९" जारी गरिएको छ।

## २. नाम, प्रारम्भ तथा पालना

(क) यो आचारसंहिताको नाम निर्वाचन आचारसंहिता २०७९ हुनेछ।
(ख) यो आचारसंहिता तुरुन्त लागू हुनेछ।
(ग) यो आचारसंहिता नेपालका सम्पूर्ण सामुदायिक रेडियो, सञ्चालक र रेडियोमा कार्यरत रेडियोकर्मीहरुले अवलम्बन तथा पालन गर्नेछन्।

## ३. परिभाषा

(क) "सामुदायिक रेडियो" भन्नाले विश्वव्यापी मूल्य, मान्यता र अभ्यासका आधारमा गैरनाफामुलक उद्देश्यले समुदायको सहभागितामा स्थापित भई समुदायको हितमा सञ्चालन भइरहेको रेडियोलाई जनाउँछ।
(ख) "सामुदायिक रेडियोकर्मी" भन्नाले सामुदायिक रेडियोमा विभिन्न कार्यमा संलग्न सदस्य, पत्रकार, कार्यक्रम उत्पादक, प्रस्तोता र सहयोगी समेतलाई जनाउँछ।
(ग) "सञ्चालक" भन्नाले सामुदायिक रेडियो सञ्चालनका निम्ति गठन भएको कार्यसमितिका पदाधिकारी वा सदस्य भन्ने सम्झनुपर्छ।
(घ) यस्तै, सामुदायिक रेडियोको विधानले कल्पना गरेको समिति, उपसमिति वा अन्य महत्वपूर्ण पदमा रही जिम्मेवारी वहन गरिरहेका व्यक्तिका हकमा पनि यो आचारसंहिता आकर्षित हुनेछ।

## ४. के गर्ने ?

क) यो आचारसंहिताले रेडियो आचारसंहिता २०६३ (संशोधित २०७८) लाई स्वीकार गरेकाले त्यसमा व्यवस्था गरिएका प्रावधान संघका सबै सदस्य रेडियो, रेडियोकर्मी र सञ्चालकद्वारा अवलम्बन गरिनेछ।

ख) निर्वाचनलाई मर्यादित र शान्तिपूर्ण ढंगले सम्पन्न गर्नु गराउनु सामुदायिक रेडियो, सामुदायिक रेडियोकर्मी र सञ्चालकको कर्तव्य हुनेछ।

ग) निर्वाचन आयोगलगायत नेपाल सरकारका सम्बन्धित निकायबाट जारी निर्वाचनसम्बन्धी आचारसंहिता र अन्य प्रावधानको अवलम्बन गरिनेछ।

घ) निर्वाचनसम्बन्धी सामग्री उत्पादन तथा प्रसारण गर्दा निष्पक्ष, तटस्थ र स्वतन्त्रताको सिद्धान्तको पालना गरिनेछ।

ङ) निर्वाचनसम्बन्धी सामग्री सम्प्रेषण गर्ने सन्दर्भमा बहुलवादी अवधारणालाई स्वीकार गरिनेछ । कुनै पनि अवस्थामा कसैप्रति कुनै पनि प्रकारको भेदभाव गरिने छैन।

च) निर्वाचनलाई सफल बनाउन मतदाता शिक्षाको प्रचार प्रसारमा भूमिका निर्वाह गर्नु सदस्य रेडियोहरुको कर्तव्य हुनेछ।

छ) कुनै पनि सामग्री सम्प्रेषणका सन्दर्भमा सत्य-तथ्यको सुनिश्चितता गर्दै सन्तुलन निर्वाह गर्नुपर्ने प्रावधानलाई अनिवार्यरुपमा आत्मसात गरिनेछ।

## ५. के नगर्ने ?

क) कुनै पनि राजनीतिक दल, तिनका नेता तथा कार्यकर्ता र उम्मेदवारको प्रचार संयन्त्रका रुपमा सामुदायिक रेडियो, रेडियोकर्मी र सञ्चालकले प्रस्तुत हुनु हुँदैन।

ख) कुनै पनि राजनीतिक दललाई अतिरिक्त लाभ पुग्ने कुनै सामग्री प्रशारण गर्नु हुँदैन।

ग) अनुमानमा आधारित कुनै पनि प्रकारका सामग्री प्रशारित गर्नु हुँदैन । मतदानको प्रक्रिया प्रभावित हुने गरी Pre Poll / Exit Poll जस्ता अनुमानमा आधारित कार्यक्रम सञ्चालन गर्नु हुँदैन।

घ) कुनै पनि राजनीतिक दल, व्यक्ति, उम्मेदवार र संस्थाका विरुद्ध घृणा फैलाउने (Hate Speech) भाषाको प्रयोग गर्नु हुँदैन।

ङ) रेडियोबाट प्रशारित हुने सामग्रीमार्फत कुनै पनि राजनीतिक दलका पक्षमा मत माग्ने र कुनै पनि पक्ष वा विपक्षमा वातावरण निर्माण गर्नु हुँदैन, तर, निर्वाचन आयोगले जारी गरेको मापदण्डअनुरुप सशुल्क विज्ञापन प्रसारण गर्न सकिनेछ।
च) मतदाता र मतदान प्रक्रियालाई नकरात्मक रुपमा प्रभावित गर्ने मनसायले कुनै पनि विज्ञापनलाई समाचारका रुपमा प्रस्तुत गर्नु हुँदैन।
छ) समाजमा शान्ति, सुव्यवस्था र सुरक्षामा खलल पर्ने कुनै पनि सामग्रीको प्रशारण गरिनेछैन। सामाजिक सद्भाव प्रवर्द्धनमा खलल पुग्ने सामग्री उत्पादन तथा प्रसारण गरिनेछैन।
ज) सामुदायिक रेडियोको कार्यालय र परिसरमा कुनै पनि दल र उम्मेदवारको प्रचार सामग्रीसँग सम्बन्धित पर्चा, पोस्टर, ब्यानर, होर्डिग बोर्ड, फ्लेक्सजस्ता सामग्री टाँसिनु र झुन्ड्याउनु हुँदैन।
द) सामुदायिक रेडियोकर्मी र सञ्चालक सम्बद्ध रेडियोमा वहाल रहेकै अवस्थामा उम्मेदवार बन्नु हुँदैन।
ध) सामुदायिक रेडियोकर्मी र सञ्चालक कुनै पनि राजनीतिक दल वा उम्मेदवारको चुनाव प्रचार अभियानमा खटिनु हुँदैन। सामुदायिक रेडियोकर्मी र सञ्चालक कुनै पनि राजनीतिक दल र उम्मेदवारको प्रचार संयन्त्र र समितिको सदस्य बन्नु हुँदैन।
न) आशय बिग्रने गरी गलत मनशायले कुनै सामग्री सम्प्रेषण गर्नु हुँदैन।
प) सामुदायिक रेडियो र यस्तो रेडियोसँग सम्बन्धित रेडियोकर्मी र सञ्चालकका सवारीलगायतका कुनै पनि साधन दल र उम्मेदवारको चुनाव प्रचारको पक्षमा प्रयोग गरिनु हुँदैन। तर मतदाता शिक्षाका लागि यस्ता साधनको प्रयोगलाई अनुचित मानिने छैन।
फ) सामुदायिक रेडियोकर्मी र सञ्चालकले निर्वाचनमा कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सामाजिक सञ्जाल र न्यू मिडियाका माध्यमहरुबाट कुनै पनि किसिमका सामग्री पोस्ट, शेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न हुँदैन।

६. सामुदायिक रेडियो प्रसारक संघद्वारा यसअघि जारी गरिएको निर्वाचन आचारसंहिता यस आचारसंहिता लागू भएसँगै स्वतः खारेज भएको छ।